जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १८१ ❑ २०८३ असार २६ गते शुक्रबार ❑ Friday, 10 July, 2026 ❑ मूल्य ७ /-



✍ सानु कार्की बस्नेत

**नेपालमा सहकारीको अभ्यास र भावी कार्यदिशा (३)**

**- - - - सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

## आत्मदाहको प्रयास

**दमक/** नगरप्रहरीले जथाभावी पार्किङ गरेको भन्दै मोटरसाइकलमा ह्वील लक लगाएपछि एक युवकले सोही मोटरसाइकलबाट पेट्रोल निकालेर आत्मदाह प्रयास गरेका छन्।

काठमाडौं महानगरपालिका त्रिपुरेश्वर स्थित राहदानी विभागको ३ नम्बर गेटअगाडि मुगुका २५ वर्षीय गणेश नेपालीले मोटरसाइकलबाट पेट्रोल निकालेर शरीरमा खन्याई आगो लगाएका हुन्। प्रारम्भिक जानकारीअनुसार उनले राहदानी विभागअगाडि मोटरसाइकल पार्किङ गरेका थिए। घटनालगत्तै त्यहाँ रहेका सुरक्षाकर्मी र सर्वसाधारणले आगो निभाएर उनको उद्धार गरेका थिए। उनलाई उपचारका लागि वीर अस्पताल लगिएको थियो। अस्पताल स्रोतका अनुसार गणेशको शरीरको करिब ६५ प्रतिशत भाग जलेको छ। उनको सघन उपचार भइरहेको छ।

## मेची राजमार्ग अवरुद्ध

**इलाम/** लगातारको वर्षापछि मेची राजमार्ग अन्तर्गत इलामको माई खोलास्थित राजदुवाली सडक खण्ड अवरुद्ध भएको छ। माथिबाट जमिन बग्ने समस्या दोहोरिँदै आएको यस क्षेत्रमा सडक चर्किनुका साथै विभिन्न स्थानमा भासिएपछि सवारी आवागमन पूर्ण रूपमा बन्द भएको हो। निरन्तर वर्षाका कारण उक्त सडक खण्डमा साना तथा ठुला कुनै पनि सवारी साधन सञ्चालन हुन नसकेको छ। राजदुवाली सडक खण्ड बन्द भएपछि इलामवासी चिन्तित बनेका छन्।

## दुर्घटनामा एक जनाको मृत्यु

**सुनसरी/** कोशी गाउँपालिका-८ केराबारीस्थित महेन्द्र राजमार्गमा सवारी साधन (पिकअप) दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सवारी साधनका चालक मोरङ रङ्गेली नगरपालिका-३ दर्वेशाका ४२ वर्षीय पदम राई रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए। भण्टाबारीबाट लौकहीतर्फ आउँदै गरेको प्र १-०२-००२ च ४८३१ नम्बरको खाली पिकअप अनियन्त्रित भई गए राति सडकमा दुर्घटनमा भएको थियो।

दुर्घटनामा चालक राई गम्भीर घाइते भएकामा उपचारका लागि जिल्ला अस्पताल इनरुवा ल्याएकामा उपचारको क्रममा मृत्यु भएको प्रनाउ खड्काले जानकारी दिए। सोही दुर्घटनामा पिकअपमा सवार सिराहा लहान नगरपालिका घर भई विराटनगर-१३ बस्दै आएका ३७ वर्षीय सन्तोष कुमार साह घाईते भएका छन्।

### जनजीविकाको सवालमा शुन्य समयमा बोल्दै सांसदहरू

# रेलमार्ग र हात्ती त्रासको विषयले पायो स्पेस

✍ पूर्वसन्देश समाचार



**दमक/** प्रतिनिधिसभाको शून्य समयमा सांसदहरूले जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने विविध विषय उठाउँदै सरकारको ध्यानाकर्षण गराएका छन्। पूर्व-पश्चिम विद्युतीय रेलमार्गका नाममा वर्षौंदेखि रोक्का गरिएका जग्गा, विद्युत् आपूर्तिमा अव्यवस्था, खानेपानी संकट, कृषि, स्वास्थ्य, वैदेशिक रोजगारी, पूर्वाधार, जंगली हात्तीको त्रास, अवैध पार्किङ शुल्क तथा विपद् व्यवस्थापनजस्ता विषयमा सांसदहरूले सरकारसँग तत्काल हस्तक्षेप र समाधानको माग गरेका हुन्।

सांसद निशा डाँगीले पूर्व-पश्चिम विद्युतीय रेलमार्गको नाममा पाँच वर्षदेखि निजी जग्गा रोक्का राखिएको तर न आयोजना अघि बढेको, न मुआब्जा वितरण भएको र न जग्गा फुकुवा गरिएको भन्दै सरकारको आलोचना गरिन्। विकास आयोजनाको नाममा सयौं किसान आˆनो सम्पत्तिको उपयोग गर्न नपाएको उल्लेख गर्दै उनले सरकारले स्पष्ट निर्णय गर्नुपर्ने माग गरिन्।

झापाका सांसद प्रकाश पाठकले बिर्तामोडस्थित अनारमनी ग्रिडमा आएको प्राविधिक समस्याका कारण झापा र आसपासका क्षेत्रमा पटक-पटक विद्युत् अवरोध भइरहेको विषय उठाए। अत्यधिक गर्मीका बेला नागरिक अन्धकारमा बस्न बाध्य भएको उल्लेख गर्दै उनले ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणसँग दीर्घकालीन समाधानको माग गरे।

सांसद यज्ञमणि न्यौपानेले मोरङका ग्रामीण क्षेत्रमा अझै नियमित विद्युत् र सुरक्षित खानेपानी नपुगेको भन्दै सरकारको विकास नीति शहरी केन्द्रित भएको आरोप लगाए। "सिंहदरबारमा झुक्किएर बत्ती जान्छ, तर मोरङमा झुक्किएर मात्र बत्ती आउँछ," भन्ने उनको टिप्पणीले ग्रामीण-शहरी विकासको असमानता उजागर गरेको भन्दै सरकारको ध्यान ताने।

सांसद सृष्टि भट्टराईले राष्ट्रिय राजमार्गमा पार्किङ बाँकी ४ पेजमा ▸▸

# संविधान संशोधनमा कांग्रेसको धारणा



**पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'संविधान संशोधनमा नेपाली कांग्रेसको दृष्टिकोण' विषयक कार्यक्रम सहभागी नेताहरू।**

दमक। नेपाली कांग्रेसले सरकारद्वारा अघि बढाइएको संविधान संशोधन प्रक्रियामा असहमति जनाउँदै संविधान संशोधन बहसपत्र तयार गर्न गठित सरकारी कार्यदलमा आˆनो प्रतिनिधि नपठाएको स्पष्ट गरेको छ। कांग्रेस सभापति गगन थापाले संविधान संशोधनको आवश्यकता, उद्देश्य र प्राथमिकता स्पष्ट नगरी सम्पूर्ण संविधानलाई एकैपटक संशोधनको बहसमा लैजान खोजिएको भन्दै त्यसले राजनीतिक अस्थिरता र संवैधानिक जटिलता निम्त्याउन सक्ने चेतावनी दिएका छन्।

बिहीबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'संविधान संशोधनमा नेपाली कांग्रेसको दृष्टिकोण' विषयक कार्यक्रममा सभापति थापाले सरकारले गठन गरेको संविधान संशोधन बहसपत्र कार्यदलप्रति कांग्रेसको असहमति दोहोर्याए। उनले सरकारले संविधान संशोधन किन आवश्यक छ र कुन विशिष्ट समस्या समाधानका लागि संशोधन गर्न खोजिएको हो भन्ने विषयमा स्पष्ट आधार प्रस्तुत गर्न नसकेको बताए।

बालेन्द्र शाह नेतृत्वको सरकारले गठन गरेको उक्त कार्यदललाई असार मसान्तसम्म प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको थियो। तर प्रतिवेदन लेखनकै क्रममा एमाले, नेकपा, जसपा बाँकी ४ पेजमा ▸▸

# साइनो सहकारीका अध्यक्ष पक्राउ

**झापा/** साइनो सहकारीमा लाखौंको ठगी भएको छ। झापाको शिवसताक्षी ८ झिलझिलेमा रहेको साइनो बचत तथा ऋण सहकारी संस्थामा लाखौंको रकम हिनामिना गरेको आरोपमा संस्थाका अध्यक्ष दिपककुमार मेन्याङ्बो लिम्बू पक्राउ परेका हुन्।

खिलमान राईसहितका ९ जना बचतकर्ताहरूले आफ्नो बचत फिर्ता नपाएको भन्दै जाहेरी दिएपछि असार १० गते उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। हिनामिनामा अध्यक्ष लिम्बूसहित ८ जना संचालक र कर्मचारीहरू मुछिएका छन्। उनीहरूको खोजी भइरहेको छ।

साइनो सहकारीमा करिव ६ करोड रूपैयाँ हिनामिना भएको अनुमान गरिएको छ। आफूसहित ९ जनाको १ करोड ८४ लाख रूपैयाँ हिनामिना भएको जाहेरी दिएको पीडित खिलमान राईले बताए।

शिवसताक्षी नगरपालिकाले यस सहकारीका विषयमा छानबिन गरी प्रतिवेदनसहित सिफारिस पठाएपछि प्रहरीले कार्वाही अघि बढाएको हो। यसैबीच प्रहरीले साइनो बचत तथा ऋण सहकारी संस्थाका अन्य बचतकर्ताहरूलाई पनि निवेदन दिन आव्हान गरेको छ। अध्यक्ष लिम्बूलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा राखिएको र अन्यको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी रञ्जन अवाले बताए।

जिल्ला प्रहरी कार्यालयका अनुसन्धान अधिकृत प्रहरी निरीक्षक दुर्गाबहादुर भट्टराईले एक सार्वजनिक सूचना जारी गरी साइनो बचत तथा ऋण सहकारी संस्थाबाट पीडित भएको भए यस सहकारीमा विगतदेखि बाँकी ४ पेजमा ▸▸

## भद्रपुरमा प्रतिष्ठानको तालिम भवन उद्घाटन

झापा। झापाको भद्रपुर-१०, कलवलगुरीस्थित प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको नवनिर्मित तालिम भवन बिहीबार कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गरेका छन्। करिब ४ करोड ४८ लाख रुपैयाँभन्दा बढी लागतमा निर्माण गरिएको सुविधा सम्पन्न भवनबाट प्रदेश तथा स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिको क्षमता अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

उद्घाटनपछि आयोजित कार्यक्रममा मुख्यमन्त्री कार्कीले तालिम केन्द्रलाई आधुनिक र प्रदेशकै नमुना प्रशिक्षण संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिए। उनले यहाँ प्रदान गरिने तालिमलाई अन्तर्राष्ट्रिय स्तरसम्म प्रभावकारी र प्रतिस्पर्धी बनाउन बाँकी ४ पेजमा ▸▸

## सर्वोच्चको आदेश कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण

**दमक/** पूर्व बालसेनाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ध्यानाकर्षण पत्र दर्ता गराएका छन्। माओवादी द्वन्द्वका क्रममा प्रयोग गरिएका बालसेनालाई 'अयोग्य' भन्न नपाइने सर्वोच्च अदालतको आदेश तत्काल कार्यान्वयन गर्न नागरिक समाजले सरकारको ध्यानाकर्षण गराएको हो।

उनीहरुले सर्वोच्चको आदेशअनुसार 'अयोग्य' र 'बहिर्गमित व्यक्ति' शब्द हटाई द्वन्द्वकालीन बालसेनालाई 'बाल सैनिक'का रूपमा मान्यता दिन, ऐन संशोधन गर्न तथा बालसेनाको प्रयोगलाई

# विपक्षी दलको अवरोध कायमै

**दमक/** प्रतिनिधिसभाको बिहीबारको बैठक पनि सीमा विवादसम्बन्धी पुरानै विषयलाई लिएर प्रमुख प्रतिपक्षसहित विपक्षी दलले अवरूद्ध गरेका छन्। प्रधानमन्त्रीले जेठ १७ गते प्रतिनिधिसभामा दिएको अभिव्यक्तिलाई लिएर विपक्षीले पुनः विरोध जनाउँदै संसद अवरोध गरेपछि जनजीविका, अर्थतन्त्र, विकास निर्माण र सेवा प्रवाहसँग सम्बन्धित अन्य एजेन्डामाथिको छलफल फेरि प्रभावित भएको छ।

बैठक सुरू हुनेबित्तिकै विपक्षी सांसदहरु आ-आˆनो स्थानबाट उठेर विरोध जनाएका थिए। त्यसपछि सभामुख डोलप्रसाद अर्यालले एउटै विषयमा निरन्तर अवरोध भइरहेकाले विपक्षीका तर्फबाट एक जना सदस्यलाई धारणा राख्न समय दिएका थिए। पछि अन्य विपक्षी दलका सांसदहरूले पनि बोल्न समय माग गरेपछि सबै विपक्षी दललाई आफ्नो धारणा राख्ने अवसर प्रदान गरिएको थियो।

नेपाली कांग्रेसकी हरिनादेवी कामीले प्रधानमन्त्रीले जेठ १७ गते संसदमा दिएको 'नेपालले पनि भारतको भूमि मिचेको रहेछ' भन्ने अभिव्यक्तिप्रति आपत्ति जनाउँदै प्रधानमन्त्रीले संसदमा स्पष्ट जवाफ दिनुपर्ने र उक्त भनाइ अभिलेखबाट हटाउनुपर्ने माग गरिन्। नेकपा (एमाले) की एशुदाकुमारी बरालले विपक्षीले पटक-पटक उठाएको विषयमा सरकारले कुनै सुनुवाइ नगरेको आरोप लगाइन्। नेपाल कम्युनिष्ट पार्टीकी भीमकुमारी बुढामगरले राष्ट्रियतासँग जोडिएको विषयमा प्रधानमन्त्रीले आˆनो अभिव्यक्ति सच्याउनुपर्ने बताइन्। श्रम संस्कृति पार्टीका पूर्णप्रसाद लिम्बू र राष्ट्रिय प्रजातन्त्र पार्टीकी खुश्बु ओलीले पनि प्रधानमन्त्री तथा बाँकी ४ पेजमा ▸▸

# दुई महिनामै दश लाखसम्मको मूर्ति, दुई जनालाई रोजगारी

*__दमक/__ इन्दिरा श्रेष्ठ यतिबेला मूर्तिकारितामार्फत स्वरोजगार मात्र होइन, अरूका लागि पनि प्रेरणाको स्रोत बनेकी छन्। उनले पछिल्ला १० वर्षदेखि निरन्तर मूर्तिकला क्षेत्रमा सक्रिय रहँदै दुई महिनामै करिब रू १० लाख मूल्यसम्मका मूर्ति निर्माण गर्न सकिने बताएकी छन्।*

*देशका विभिन्न स्थानमा स्थापित बाघ, हात्ती, कमलको फूल, महिलाको मूर्ति, घैला बोकेकी थरूनी, मकै लगायतका चर्चित मूर्तिहरू श्रेष्ठले निर्माण गरेकी हुन्।*



*भरतपुर विमानस्थल अगाडिको बाघको मूर्ति, मनकामनाको सुन्तला थामेको मूर्ति, नेपालगन्जको* बाँकी ४ पेजमा ▸▸

# एमाले सर्वेक्षण : पुनर्संरचनाको माग गर्ने ४८ प्रतिशत

**दमक/** नेकपा एमालेभित्र गरिएको एक आन्तरिक सर्वेक्षणमा पार्टी पुनर्संरचनाका लागि करिब ४८ प्रतिशत सहभागीले विशेष महाधिवेशन गर्नुपर्ने सुझाव दिएका छन्। पार्टीको पुनर्गठन र रूपान्तरणका उपायबारे गरिएको सर्वेक्षणमा ४७.७ प्रतिशतले विशेष महाधिवेशनलाई उपयुक्त विकल्पका रूपमा रोजेका हुन्।

अभियानका संयोजकमध्ये एक नेता रमेश पौडेलका अनुसार सर्वेक्षणमा सहभागी अधिकांशले एमाले अहिलेको अवस्थामा अघि बढ्न नसक्ने निष्कर्षसहित पार्टी रूपान्तरण आवश्यक रहेको बताएका छन्। उनका अनुसार ९१.४ प्रतिशत उत्तरदाताले पार्टीलाई पुनर्गठन र रूपान्तरण गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

सर्वेक्षणमा २५ प्रतिशत सहभागीले निर्धारित समयभन्दा अघि नै महाधिवेशन (अर्ली महाधिवेशन) गर्नुपर्ने सुझाव दिएका छन् भने २४.४ प्रतिशतले केन्द्रीय कमिटीबाटै आवश्यक निर्णय गरी पार्टीको निकास खोज्नुपर्ने मत दिएका छन्।

रमेश पौडेलले पार्टी सदस्य र शुभेच्छुकलाई एमाले पुनर्गठनका सम्भावित विधिबारे प्रश्नावलीमार्फत राय संकलन गरिएको बताए। उनका अनुसार यो अभियान पार्टीको रूपान्तरण र पुनर्जागरणको उद्देश्यका साथ सञ्चालन गरिएको हो। बाँकी ४ पेजमा ▸▸

# सम्पादकीय

## कृषिमा आधुनिक प्रविधि आवश्यक

झापाका दमक, कमल, गौरादह, बिर्तामोड, चन्ऽगढीलगायत मोरङ र सुनसरीका विभिन्न कृषियोग्य क्षेत्रहरुमा यसपटक परम्परागत शैलीभन्दा फरक, आधुनिक प्रविधिको न्यापक प्रयोग देखिएको छ । ट्र्याक्टर, पावर टिलर, रोटाभेटर र धान रोप्ने मेसिन (राइस ट्रान्सप्लान्टर) को बढ्दो प्रयोगले कृषि क्षेत्रमा यान्त्रीकरणले उल्लेख्य गति लिएको प्रष्ट पार्छ ।

यस वर्ष कोशी प्रदेशका तराईका जिल्लाहरुमा देखिएको रोपाइँको दृश्यले भने नेपाली कृषिको एउटा नयाँ र सुखद रुपान्तरणको संकेत गरेको छ । केही वर्षअघिसम्म मानो रोपेर मुरी उब्जाउने यो मौसममा खेतका गराहरुमा दर्जनौं श्रमिकहरुको मेला लाग्ने गर्दथ्यो । हल गोरू कुदाएर धेरै बाहुसे र रोपाहारको पाखुरीको भरमा हिलो पन्छाउँदै हप्तौं लगाएर गरिने रोपाइँ अहिले प्रविधिको आगमनसँगै केही घण्टामै सम्पन्न हुन थालेको छ ।

यो केवल प्रविधिको प्रदर्शनी मात्र होइन, बरू नेपाली कृषि क्षेत्रले लामो समयदेखि भोग्दै आएको मुख्य समस्यामध्य तीव्र श्रमिक अभाव र उच्च उत्पादन लागतको न्यावहारिक समाधान पनि हो । वैदेशिक रोजगारीका कारण गाउँघरमा युवा जनशक्तिको खडेरी परिरहेका बेला कृषि यान्त्रीकरण किसानका लागि ठुलो राहत बनेर आएको छ ।

मेसिनको प्रयोगले किसानको समय मात्र बचाएको छैन, श्रम र लगानीको अनुपातलाई सन्तुलित बनाउँदै कृषिलाई न्यावसायिक र नाफामूलक उद्यममा बदल्न सघाएको छ ।

यद्यपि, कोशी प्रदेशका केही सुगम र पहुँचयोग्य क्षेत्रमा देखिएको यो उत्साहजनक चित्र नै समग्र देशको अवस्था भने होइन। अझै पनि नेपालका बहुसंख्यक साना र सीमान्तकृत किसानहरु आधुनिक प्रविधिको पहुँचभन्दा बाहिर छन् । महँगा कृषि उपकरणहरु न्यक्तिगत रुपमा खरिद गर्न आम किसानका लागि सम्भव छैनन् । त्यसैले, यो सकारात्मक सुरूवातलाई दिगो र देशन्यापी बनाउन राज्यको तर्फबाट ठोस नीति र अनुदानका कार्यक्रमहरु आउनु जरूरी छ ।

कृषि सहकारी वा स्थानीय तहको समन्वयमा धान रोप्ने मेसिन भाडामा पाइने केन्ऽ हरुको विस्तार गरिनुपर्छ, जसले गर्दा साना किसानले पनि सुपथ मूल्यमा मेसिनरी सेवा पाउन सकून् । साथै, प्रविधि भित्र्याएर मात्र पुग्दैन, समयमै रासायनिक मल, उन्नत बीउ र भरपर्दो सिँचाइ सुविधाको उपलब्धता सुनिश्चित गर्नु उत्तिकै आवश्यक छ ।

# नेपालमा सहकारीको अभ्यास र भावी कार्यदिशा



सानु कार्की बस्नेत

कमजोर आय भएका जनताको सहारा दिने संस्था सहकारी हो । सदस्यहरूले सामूहिक हितका लागि सहकार्य, एकता र बन्धुत्वको भावना जगाई समाजमा छरिएर रहेको पूजी संकलन, ऋण परिचालन र उद्यमशिलता विकास गर्न सहकारी खोल्ने गर्दछन् । जहाँ स्वच्छिक आवद्धता, स्वशासन, स्वयंसेवी चरित्र एवं जनकेन्द्रित उद्धेश्य हुन्छ । सहकारीले समाजमा गरिबी निवारण, समावेशी नेतृत्व विकास र स्थानियकरणमा जोड दिदै आएको छ ।

'एकको लागी सबै र सबैको लागी एक' भन्ने मूल मान्यतामा आधारित रही रोवर्ट ओवेनले विश्वमा सहकारी आन्दोलनको जन्म गराएका थिए । स्वनियन्त्रण, स्वनियमन, स्वयंजवाफदेहिता तथा सदस्यकेन्द्रित चरित्र बोकी सहकारी संस्थाको स्थापना र विकास हुदै गयो ।

नेपालमा २०१३ सालमा चितवनमा स्थापित बखान सहकारी संस्थालाई पहिलो सहकारी संस्थाका रूपम । लिईन्छ । "एक थुकी सुकी, सय थुकी नदी" भन्ने उखान अवलम्वन गरी सहकारिताको लहर बढ्दो छ । हाल देशभर ३२ हजार भन्दा बढी सहकारी संस्था छन् भने आबद्ध सदस्यहरू ८० लाख पुगेको करिब ८२ हजारले रोजगारी पाएको तथ्यांकले देखाउँछ ।

२०७२ सालमा जारी भएको संविधानले सहकारीलाई तीन खम्बे अर्थ नीति भित्र समावेश गरी आर्थिक बृद्धी हासिल गर्ने महत्वपूर्ण क्षेत्रको रूपमा ग्रहण गरेको पाईन्छ । राज्यका तीन तह बीचको सम्बन्ध सहकारिता, सहआस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनिएको छ । सहकारी कानूनतर्फ पहिलो सहकारी ऐन, २०१६ त्यसपछी २०४१ आए भने हाल सहकारी ऐन, २०७४ र नियमावली, २०७५ कार्यान्वयनमा छ ।

स्थानिय पूजी, प्रविधी र उद्यमशिलताको प्रभावकारी र विश्वसनियरूपले संकलन र परिचालन गर्दै स्थानिय सम्भावना र अवसरको उपयोगबाट गरिबी निवारण, सामाजिक समावेशिता सहितको रूपान्तरण र स्वावलम्बन पद्दतीको विस्तार गर्न यो क्षेत्र सफल देखिन्छ ।

हाल तेस्रो खम्बाको रूपमा रहेको सहकारी क्षेत्र संकटग्रस्त छ, यसको समाधान खोज्नु पर्छ भन्ने आवाज उठेको पाईन्छ । नेपालमा सहकारी अभियानले ७ दशक भन्दा बढी समय पार गरिसकेको भएपनि पछिल्लो समय च्याउ सरी जन्मिएका सहकारीको वेथिति बढ्दो छ । केही बचत तथा ऋण सहकारी संस्थामा देखिएको वित्तिय अपचलन, बचतकर्ताको बचत फिर्ता हुन नसकेको अबस्था, सन्चालक, सदस्य र ऋणीले सहकारीलाई ठग्ने प्रवृती, सहकारी शहरमुखी हुनु, लक्षित वर्गसम्म पुग्न नसक्नु, सहकारी बढी नाफामुखी भै टाठाबाठाको पहूच बढ्न गई समाजमा सहकारीको विश्वास घट्तो छ। हाल नेपालमा १९ सहकारी संकटग्रस्त रहेका छन भने ९५ प्रतिसत सहकारी सहज सन्चालन गर्न योग्य रहेको सर्वेक्षणले देखाएको छ । सहकारी क्षेत्रमा वीश्वसनियता र सुशासन कायम गर्न यसका समस्याहरूलाई सम्वोधन गर्न जरूरी देखिन्छ ।

यद्यपी डिजिटलाइजेसन, ई-पेमेंट, अनलाइन लेखापरीक्षण तथा सूचना व्यवस्थापन विस्तार गर्दै सहकारीलाई आधुनिकीकरण गर्ने ठूलो अवसर विद्यमान छ । सहकारीले ग्रामीण विकास, कृषि उत्पादन वृद्धि, रोजगारी सृजना, महिला र विपन्न वर्गको सशक्तिकरण, वित्तीय समावेशीकरण र सामुदायिक विकासमा ठूलो सम्भावना बोकेको छ । ती सम्भावना प्राप्ती गर्न सहकारी ऐन, नियम र कार्यत्रमलाई प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

नेपालमा बिभिन्न नाममा धेरै सहकारीको स्थापना गर्नू भन्दा हरेक सहकारीलाई बहूउदेश्यिय सहकारीको रूपमा विकास गर्नु पर्दछ । स्थानिय तहले आफ्नो एरिया भित्रका सहकारीलाई कोपोमिस प्रणालीमा प्रबिष्ट गर्न गराउनु पर्छ । समस्याग्रस्त सहकारी संस्थालाई तत्काल बन्द गर्नु पर्छ । सहकारीको लेखापरिक्षण विधिले पनि सहकारीहरू समस्यामा परेको छ । सहकारीको रूप भनेकै बार्षिक प्रतिवेदन हो। सन्चालकहरूको गलत प्रतिवेदनलाई हटाई सहि रूपमा सहकारीको लेखाको चिरफार गरेमा संघ/संस्था जनमुखी बन्न सक्दछन । सहकारीको मूल ध्येय भनेको लगानी र असूली नै हो। कर्जा नतिर्ने ऋणीलाई कालो सूचीमा राखी ऋण असूली गर्न सकिने कानूनी ब्यबस्था रहेपनि यसलाई लागू गरिएको गरिनु पर्दछ ।

सहकारी सन्चालनमा देखिएको समस्याका कारण सहकारीले वचतकर्ताले राखेको वचत फिर्ता नपाएको भनी अदालतमा उजूरीहरू पर्न थालेका छन् । एकातिर सहकारी संघसंस्थामा कार्यारत कर्मचारी, सन्चालक लगायत सो सँग सबद्ध सयौको संख्यामा ठगी मुद्दा खेपीरहेका छन् । अर्कोतिर सहकारीबाट कर्जा लगेका ऋणीहरूले कर्जा तिर्नुको बदला सकेको गर ऋण तिर्दिन भन्ने ऋणको दण्डहिनताको व्यवहार बढेको छ । ती समस्या लिएर हाल अदालतमा सयौंको संख्यामा निषेधाज्ञा, हरहिसाब गराई पाउँ, ऋण असूल गरी पाउँ, लिखत बदर जस्ता फिराद निवेदन दर्ता भएका छन् । ती मुद्धाहरू बर्षौ सम्म फैसला नभएर बसेका छन् । बिना धितोका ऋणहरू असुलीमा सरकारी निकायबाट सहकारीलाई भनेजस्तो सहयोग प्राप्त भएको छैन ।

त्यस्तैगरी सरकारले सहकारी दर्ता गरिदिने तर कसरी सन्चालन भएको छ भनी नियमन नगर्दा समस्या आएको छ । सहकारी सन्चालकहरूले आफू र आ ना मान्छेको ब्यक्तिगत लाभमा सहकारीलाई प्रयोग गरिनु पनि समस्यामा पर्नु हो । यी सबै अध्ययन अनुसन्धान गर्ने निकाय नहुँदा समस्या र गुनासाहरू सुनिएका र देखिएका छन । जनस्तरमा उठेका गुनासा र सहकारीमा देखिएका समस्याको समाधान गर्नका लागी नेपालको सहकारी आन्दोलनको केन्द्रबिन्दुका रूपमा राष्ट्रिय/ प्रदेश/ जिल्ला सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक लिमिटेड र बचत तथा ऋण सहकारी केन्द्रिय संघ आदी संस्थाहरूले प्रभावकारी भूमिका खेल्नु पर्दछ ।

सहकारीको आगामी कार्यदिशाको सम्बन्धमा हेर्दा, अध्यादेशबाट सहकारी संस्थामा वचतकर्ताको वचत रकम फिर्ताका लागी प्रयाप्त ब्यबस्था गरिएको छ । सरकारले हालै डिल्लीराज आचार्यको नेतृत्वमा समस्याग्रस्त सहकारी ब्यबस्थापन समिति गठन गरी वचत हराएका वचतकर्ताको बचत रकम फिर्ता दिने कार्य सह्रानिय छ । अध्यादेश आएपनि सबै वचतकर्ताको रकम फिर्ता हुने विश्वसनीयता अझै कायम हुन सकेको छैन ।

अब, सहकारीलाई विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गरी ब्यबस्थित र विश्वसनिय बनाउन आबश्यक छ । जसका लागि उद्देश्य र संरचना मिल्ने सहकारी एकिकरण गर्ने र सहज सन्चालन हुन नसक्ने सहकारीलाई खारेज वा विघटन गरी सहकारीको संरचना सुधार गर्नु पर्दछ । समस्याग्रस्त सहकारीका पीडित बचतकर्तालाई तत्काल रकम फिर्ता गर्न 'चक्रिय राहत कोष स्थापना गरिने भन्ने अध्यादेशको कार्यान्वयन सहकारीप्रति समाज र जनसमुदायको विश्वसनियता बढाउनु पर्दछ । साथै सहकारी नियामक प्राधिकरणले सहकारी संस्थालाई नियमन गरी कानूनको पालना गर्न निर्देशन दिने गरेमा समाजमा सहकारी सफल भै सुशासन र पारदर्सिता कायम हुने देखिन्छ ।

अन्त्यमा, केही सहकारी संस्था संकटमा परेपनि समुदायमा आधारित, कृषि, दुग्ध र उतपादनमूलक सहकारीलाई जोगाउने बचाउने राज्यको दायित्व हो । उद्यमशिलता, पूँजी निर्माण र रोजगारीको सृजनासंगै कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने त्यस्ता सहकारी संस्थालाई जोगाउन र प्रर्वद्धन गर्न सरकारले सहकारी क्षेत्रमा ब्याज, अनुदान, कर छुट र सहुलियतपूर्ण ऋणको बिषेश कार्यत्रम लागू गर्नु पर्ने देखिन्छ । सहकारीलाई निजले गर्न सक्ने वा गर्न चाहेका काम गर्न दिने र गर्न नसक्ने काममा सरकारले हातेमालो गरी साझेदारी विकासमा जोड दिनु पर्ने देखिन्छ ।

◆◆◆

# नेपालमा इन्टरनेट अब विलासिताको वस्तु रहेन

अंकित भट्टराई

इन्टरनेट अब दैनिक जीवनको आधारभूत आवश्यकता बनिसकेको छ । बैंकिङ, शिक्षा, स्वास्थ्य, सरकारी सेवा, व्यापारदेखि सामान्य सञ्चारसम्म इन्टरनेटबिनाको जीवन कल्पना गर्न गाह्रो छ । तर यही अत्यावश्यक सेवामाथि केही सीमित कम्पनीहरूको वर्चस्व र वर्षेनी बढ्दो अर्बौं रुपैयाँको कारोबारले बजारको वास्तविक प्रतिस्पर्धा र उपभोक्ता हितबारे गम्भीर प्रश्न उठाएको छ ।

सेवा गुणस्तर, ग्राहक सन्तुष्टि र मूल्य निर्धारणका विषयमा निरन्तर गुनासा आइरहे पनि इन्टरनेट सेवा प्रदायक (आईएसपी) कम्पनीहरूको आम्दानी भने लगातार बढिरहेको छ । यसको पछिल्लो उदाहरण भायानेट कम्युनिकेशन लिमिटेड हो । कम्पनीले आर्थिक वर्ष २०८१/८२ मा २ अर्ब ४० करोड ४० लाख रुपैयाँ आम्दानी गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब १० करोड रुपैयाँ बढी हो । यसअघि पनि कम्पनीले लगातार चार वर्षदेखि दुई अर्ब रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएको छ । कम्पनीको सञ्चालन नाफा (ईबिट्डा) २७ देखि ३४ प्रतिशतको हाराहारीमा रहनुले नेपालमा इन्टरनेट सेवा व्यवसाय अझै पनि उच्च प्रतिफल दिने व्यवसायका रूपमा स्थापित भएको देखिन्छ। यद्यपि कम्पनीले रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष (आरटीडीएफ) सम्बन्धी दायित्वका कारण करपछिको नाफा केही घटेको जनाएको छ, तर नगद सञ्चिति भने निरन्तर बढिरहेको छ ।

भायानेट मात्र होइन, नेपालको ब्रोडब्यान्ड बजारमा वर्ल्डलिङ्क, डिशहोम फाइबरनेट, क्लासिक टेक, सुबिसु, सीजी नेटलगायतका ठूला कम्पनीहरूले पनि अर्बौं रुपैयाँको कारोबार गरिरहेका छन् । बजारमा ६० भन्दा बढी आईएसपी दर्ता भए पनि वास्तविक प्रतिस्पर्धा भने केही सीमित कम्पनीबीच मात्र देखिन्छ । नेपाल दूरसञ्चार प्राधिकरणको तथ्यांकअनुसार शीर्ष पाँच कम्पनीले करिब ७१ प्रतिशत बजार हिस्सा ओगटेका छन् भने शीर्ष २० कम्पनीको नियन्त्रणमा ९९ प्रतिशतभन्दा बढी ग्राहक छन्। सबैभन्दा ठूलो कम्पनीले मात्रै करिब ३१ प्रतिशत बजार आफ्नो नियन्त्रणमा राखेको छ। यसले बजार खुला देखिए पनि व्यवहारमा केही कम्पनीको प्रभाव र वर्चस्व कायम रहेको संकेत गर्छ ।



प्रतिस्पर्धाको दाबी गरिए पनि उपभोक्ताले महसुस गर्ने अवस्था भने धेरै फरक देखिँदैन । अधिकांश कम्पनीका इन्टरनेट प्याकेजको मूल्य लगभग उस्तै छ । नयाँ ग्राहक आकर्षित गर्न छुट वा अफर ल्याइए पनि दीर्घकालीन रूपमा शुल्क संरचनामा ठूलो अन्तर देखिँदैन । अर्कोतर्फ बारम्बार इन्टरनेट अवरुद्ध हुने, मर्मतका लागि दिनौं कुर्नुपर्ने, ग्राहक सेवामा ढिलाइ हुने, आईपीटीभी सेवा पटक-पटक बन्द हुने तथा सेवा परिवर्तन गर्न झन्झटिलो प्रक्रिया अपनाइनेजस्ता गुनासा वर्षौंदेखि दोहोरिइरहेका छन् । सेवा गुणस्तरमाथि प्रश्न उठिरहँदा कम्पनीहरूको आम्दानी भने निरन्तर बढिरहनुले उपभोक्तामा असन्तुष्टि बढाएको छ ।

इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले भने पूर्वाधार निर्माण, अन्तर्राष्ट्रिय ब्यान्डविथ खरिद, नेटवर्क विस्तार, विद्युत् खर्च, कर, रोयल्टी र नियामकीय दायित्वका कारण लागत उच्च रहेको तर्क गर्दै आएका छन् । भायानेटले मात्रै ३ अर्ब १८ करोड रुपैयाँ ऋण लिएको विवरण सार्वजनिक गरेको छ । कम्पनीका अनुसार पुराना रोयल्टी तथा आरटीडीएफ दायित्वसमेत ऋण व्यवस्थापनमार्फत पूरा गर्नुपरेको छ । अर्थात् यो व्यवसायमा लगानी ठूलो भए पनि एकपटक स्थिर ग्राहक आधार बनेपछि नगद प्रवाह बलियो हुने वित्तीय अवस्था देखिन्छ ।

नेपालमा इन्टरनेट सेवा अहिले केही कम्पनीको आर्थिक शक्ति विस्तार गर्ने सबैभन्दा आकर्षक क्षेत्रमध्ये एक बनेको छ । तर इन्टरनेट अब केवल निजी व्यवसायको विषय मात्र रहेन । नागरिकको शिक्षा, स्वास्थ्य, सरकारी सेवा, डिजिटल भुक्तानी र रोजगारीसँग प्रत्यक्ष जोडिएको सेवाका रूपमा यसको सामाजिक उत्तरदायित्व पनि उत्तिकै बढेको छ । त्यसैले अर्बौं रुपैयाँ आम्दानी गर्ने कम्पनीहरूबाट उपभोक्ताले केवल उच्च गतिको इन्टरनेट मात्र होइन, भरपर्दो सेवा, पारदर्शी शुल्क, छिटो मर्मत, प्रभावकारी ग्राहक सेवा र निष्पक्ष प्रतिस्पर्धाको पनि अपेक्षा गर्छन् ।

यस सन्दर्भमा नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको भूमिकामाथि पनि प्रश्न उठ्न थालेको छ । बजारमा केही कम्पनीको वर्चस्व बढ्दै जाँदा सेवा गुणस्तर, मूल्य निर्धारण, उपभोक्ता अधिकार र निष्पक्ष प्रतिस्पर्धामाथि प्रभावकारी निगरानी हुन सकेको छ वा छैन भन्ने बहस आवश्यक देखिन्छ । अन्ततः प्रश्न कम्पनीहरूले कति अर्ब रुपैयाँ कमाए भन्ने मात्र होइन, त्यसअनुसार नेपाली उपभोक्ताले कति गुणस्तरीय, सुलभ र विश्वसनीय सेवा पाए भन्ने हो । डिजिटल नेपालको आधार मानिएको इन्टरनेट सेवा अब नाफामुखी व्यवसायसँगै सार्वजनिक उत्तरदायित्वको विषय पनि बनिसकेको छ ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।


सम्पर्क नम्बर : ९८४४६८०४९९

स्वास्थ्य

विश्वकप विशेष

### इलाम-झापा जोड्ने केचना कञ्चनजंघा सडक सञ्चालनमा

# गलाको पासो बन्दै राजदुवाली सडकखण्ड



**इलाम/** इलाम-झापा जोड्ने केचना कञ्चनजंघा (फास्ट ट्र्याक) मा अस्थायी रूपमा सवारी सञ्चालनमा ल्याइएको छ । बेलासेस्थित माईखोलामा भासिएको पुलमा बेलिब्रिज जडान भएपछि अस्थायी रूपमा सवारी सञ्चालनमा आएका छन् ।

यो सडकमा पर्ने पुवाखोलामा डाइभर्सन बनाएर सवारी सञ्चालनमा ल्याइएको छ । ठाडेखोलामा पक्की पुल भए पनि कच्ची सडकका कारण हिलो हुँदा बुधबार बिहानदेखि यो सडकमा पनि सवारी सञ्चालन बन्द भएको छ । अब वर्षा ठुलो हुने र यी दुवै खोलामा बाढी आउने हो भने इलाम जान सबैतिरबाट सडक अवरूद्ध हुने छ ।

गत वर्षको असोज १८ गतेको बाढीपहिरोपछि मेची राजमार्गको माईखोलास्थित राजदुवाली सडकखण्ड अहिले इलामसहित पाँचथर र ताप्लेजुङसम्मका लागि गलाको पासो जस्तै भएको छ । पहिरोमाथि खोलिएको ट्र्याकमाथि सवारी चलाउनुपर्ने बाध्यता र सधैँ बगिरहने जमिन, यात्रु, सवारी र चालकका लागि सधैँ गलपासो भइरहेको छ ।

उक्त खण्डमा मर्मतको काम भइरहे पनि त्यो मर्मतको खासै अर्थ हुन छाडेको छ । इलाम उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण पौड्यालले भने, "नाङ्गो आँखाले नै देख्न सकिन्छ, यो क्षेत्रमा मर्मतको कुनै अर्थ छैन । अहिले इलाममा अघोषित नाकाबन्दी जस्तै भएको छ । कतिबेला गाडी चल्छ र कतिबेला बन्द हुन्छ, त्यो टुङ्गो छैन । मालवाहक सवारी माईपारि रोकिएका छन् । ती सवारीलाई इलाम ल्याउने विकल्प छैन, यहाँ त दैनिक उपभोग्य वस्तुको अभाव हुन थालेको छ । खाना पकाउने ग्यास त्यो पनि आधा सिलिन्डरलाई साना सवारीमार्फत इलाम ल्याउने गरिएको भए पनि पर्याप्त नभएको पौड्यालको भनाइ छ ।

राजमार्गको उक्त खण्डको विकल्पमा रहेको सिमलगोलाई-तिल्केनी सडक पनि अत्यन्तै हिलोका कारण सवारी सञ्चालनमा कठिनाइ उत्पन्न भएको छ । इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले भने - "यसै भन्ने अवस्था छैन, घाम लाग्यो भने राजदुवालीबाट सवारी चल्छन्, पानी प-यो भने रोकिन्छन्, कतिबेला खोल्ने र कतिबेला बन्द गर्ने सर्वसाधारणलाई सूचना दिनसमेत अप्ठ्यारो छ । वैकल्पिक सिमलगोलाई-तिल्केनीमा पानी पर्दा सडक हिलो धेरै भएर सवारी पार गर्न निकै कठिन भएको छ ।" यो सडकमा यो वर्ष सरकारले एक रूपियाँ बजेट नछुट्याएको सडक डिभिजन कार्यालय इलामले जनाएको छ तर यो सडकलाई थोरै मात्र मर्मत र ग्राभेलको काम गर्ने हो भने वर्षायामभरि सञ्चालनमा ल्याउन सकिने अवस्था रहेको बताइएको छ ।

सडक डिभिजन प्रमुख पवनकुमार भट्टराईले भने "सडक मर्मत गर्न डिभिजनसँग रकम छैन, यो वर्ष बजेट छुट्टिएको छैन, अस्ति पूर्वाधारमन्त्रीले अन्यत्रबाट भए पनि सिमलगोलाई-तिल्केनी सडकका लागि बजेट व्यवस्थापन गर्न विभागका महानिर्देशकलाई निर्देशनचाहिँ दिनुभएको हो, अहिलेसम्म केही टुङ्गो भने लागेको छैन । हामीले संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय इटहरीलाई १६ गते नै सिमलगोलाई-तिल्केनी सडकको नाली निर्माण, ग्राभेल, सडक चौडा, साँघुरा घुम्ती कटिङका लागि १० करोड रूपियाँ विनियोजन गर्न आग्रहसहित स्टेटमेन्ट बुझाएका छौँ । तत्काल सडक सञ्चालनमा राख्न ७५ लाख रूपियाँ माग गरेका छौँ । यो सडकलाई कालोपत्रे गर्न सक्दा ताप्लेजुङ, पाँचथर र इलामलाई धेरै सहज हुने अपेक्षा छ, माथिबाट के आउँछ उत्तरको प्रतिक्षामा छौँ ।"




**बिर्तामोड/** बर्डफ्लु फैलिएका ११ जिल्ला मध्ये तराईका ७ वटा जिल्लामा पूर्ण नियन्त्रणमा आएको पशु सेवा विभागले जनाएको छ। विभागका अनुसार झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा बर्डफ्लु सङ्क्रमण नियन्त्रणमा आएको हो।

तराईका ७ जिल्लामा बर्डफ्लु नियन्त्रणमा आए पनि काभ्रेसहित काठमाण्डौ उपत्यकामा जोखिम कायमै छ। काठमाण्डौका तीन जिल्ला र काभ्रेमा फैलिएको बर्डफ्लु रोकथाम हुन सकेको छैन।

विभागले यी चार जिल्लालाई अझै पनि निगरानीमा राखिएको र आवश्यक प्रयास भइरहेको जनाएको छ। विभागका वरिष्ठ पशु सेवा चिकित्सक डा. मुकुल उपाध्यायका अनुसार उपत्यकाका तीन जिल्लामा सङ्क्रमणको अवस्था यथावत् रहे पनि काभ्रेमा सङ्क्रमण तीव्र रूपमा फैलिरहेको छ।

रोग नियन्त्रणका लागि विभागले प्रभावित क्षेत्रमा विशेष प्राविधिक टोली परिचालन गरेको छ। सङ्क्रमण फैलिन नदिन पशु क्वारेन्टाइन कार्यालयहरूले सीमा नाका र अन्य क्षेत्रमा उच्च सतर्कता अपनाउँदै अवैध रूपमा ओसारपसार गरिएका पन्छी र पन्छीजन्य बस्तु नष्ट गर्ने अभियान चलिरहेको छ। विभागको तथ्याङ्कअनुसार यसअघि सङ्क्रमण नियन्त्रणका लागि देशभर सात लाख ५४ हजार ५०० पन्छी, १० लाख ९१ हजार ३०३ अण्डा तथा दुई लाख ४३ हजार ६३५ केजी दाना नष्ट गरिएको छ।

डा. उपाध्यायका अनुसार जोखिमयुक्त क्षेत्रको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार पारिएको छ। यसकै आधारमा सङ्क्रमित क्षेत्रका पन्छी नष्ट गर्ने तथा सङ्क्रमण नियन्त्रणका अन्य उपाय कार्यान्वयन प्रक्रिया अघि बढाइएको छ। साथै प्रभावित क्षेत्रका किसानलाई राहत उपलब्ध गराउन आवश्यक काम पनि भइरहेको छ।




सामान्यतया हामी तेजपत्तालाई एउटा सुगन्धित मसलाका रूपमा मात्र चिन्छौं, जसले तरकारी वा पुलाउको स्वाद बढाउँछ । तर, प्राकृतिक गुणले भरिपूर्ण तेजपत्ता सौन्दर्य निखारका लागि पनि उत्तिकै प्रभावकारी मानिन्छ । छाला ( त्वचा) र कपालको समस्या समाधानमा यसको प्रयोग निकै लाभदायक हुन्छ ।

तेजपत्तालाई सौन्दर्यका लागि निम्न ५ तरिकाले प्रयोग गर्न सकिन्छ:

**१. अनुहारका काला दाग हटाउन**

यदि तपाईंको अनुहारमा डण्डीफोर वा अन्य कारणले काला दागहरु बसेका छन् भने तेजपत्ता निकै सहयोगी हुन्छ । यसका लागि तेजपत्तालाई पानीमा राम्ररी उमाल्ने र उक्त पानीले नियमित अनुहार धुने गर्नाले छाला सफा हुनुका साथै रोगहरु बिस्तारै हराउँदै जान्छन् ।

**२. घामबाट डढेको छालाको सुरक्षा**

कडा घामका कारण छाला डढ्ने वा छालाको रङ्ग असमान हुने समस्या छ भने तेजपत्ताको पानी प्रयोग गर्न सकिन्छ । यसले छालालाई प्राकृतिक शीतलता प्रदान गर्नुका साथै रङमा एकरूपता ल्याउन मद्दत गर्छ ।

**३. रेशमी र चमकदार कपालका लागि**

कपालको प्राकृतिक चमक हराएको छ वा खस्रो भएको छ भने तेजपत्ताको पानीले कपाल धुने गर्नुहोस् । यसको नियमित प्रयोगले कपाललाई नरम, मुलायम र चमकदार बनाउन मद्दत गर्छ ।

**४. छालाको पोषण र सफाइ**

तेजपत्ताको पातलाई पिसेर लेप बनाउने र त्यसमा दही मिसाएर अनुहार तथा शरीरमा लगाउनाले छालाको गहिरो सफाइ हुन्छ । यसले छालालाई आवश्यक पोषण प्रदान गरी प्राकृतिक रूपमै चम्किलो बनाउँछ ।

**५. बलियो र सेतो दाँतका लागि**

तेजपत्ता दाँतको चमकका लागि पनि अचुक औषधि हो । तेजपत्तालाई घाममा सुकाएर धुलो बनाउने र उक्त धुलोले दाँत माझ्ने गर्नाले दाँतको पहेलोपना हट्छ । यसले दाँतलाई मजबुत बनाउनुका साथै मुस्कानमा चमक थप्छ ।

## महान भनाइहरु

१) 'रिस'को उल्टो **'सरी'** पनि हुन्छ। कहिलेकाही उल्टो बोल्दा नि फाइदा हुन्छ।

२) मेरो एउटा पनि सत्रु छैन, सत्रु देख्यो कि मैले सिध्याइहाल्छु.- ***उसलाई साथी बनाएर***

३) शहर र गाउँमा दुई फरक छन्।
**क) शहरमा घरहरू नजिक नजिक हुन्छन तर मनहरू टाढा टाढा हुन्छन्, गाउँमा घरहरू टाढा टाढा हुन्छन तर मनहरू नजिक नजिक हुन्छन।**
***ख) शहरमा घरहरू पक्का हुन्छन तर सम्बन्ध कच्चा हुन्छन्,गाउँमा घरहरू कच्चा हुन्छन तर सम्बन्धहरू पक्का हुन्छन्।***

४) मानिसहरू तब मात्र तिम्रो हात समाउँछन् जब उनीहरूलाई थाहा हुन्छकि तिमी ***एक्लैपनि अगाडि बढ्न सक्छौ।***

५) दुनियामा यौटा पनि समस्या नभएको मान्छे को होला ? - ***एक जना रैछ तर ऊ आर्यघाटमा जल्दै थियो।***

६) क्षमता छ भन्दैमा हुँदैन, वर्षौंदेखि सूर्यले जलाउन नसकेको कागजलाई यौटा सानो हाते लेन्सले त्यो पनि दुई मिनेटमै त्यै सूर्यको प्रकाश लिएर जलाइदिन सक्छ। यदि हाम्रो दिमाग हजारतिर छरियो भने बर्षौ लगाए पनि यौटा काम राम्रो बन्दैन, यसर्थ आफ्नो लक्ष्यमा यसरी केन्द्रित हुनुस्। यसरी केन्द्रित हुनुस ताकि तपाइको दिमागबाट पनि ***आगो*** बर्षियोस।

७) कुनै पनि मान्छे असाधारण हुँदैन, सबै मान्छे हामीजस्तै हो सामान्य, ....तर सहि समयमा सहि निर्णय लिँदा उनिहरु असाधारण बन्छन्! ***यो यौटा कला हो!!***


रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन।
९८०१४१४५२६/९८४३०३४५२६


# फ्रान्सको उपाधि यात्रामा मोरक्कोको ऐतिहासिक चुनौती



दमक/ फिफा विश्वकपको क्वार्टरफाइनलमा फ्रान्स र मोरक्कोबीचको भिडन्त प्रतियोगिताकै सबैभन्दा चासोको खेलमध्ये एक बनेको छ । फिफा वरीयताको शीर्ष स्थानमा उक्लिएको फ्रान्स लगातार उपाधि दाबेदारका रूपमा उभिएको छ भने छैटौं स्थानमा पुगेको मोरक्को अर्को ऐतिहासिक उपलब्धि हासिल गर्ने लक्ष्यसहित मैदानमा उत्रँदैछ । पछिल्लो विश्वकपको सेमिफाइनलमा फ्रान्ससँग हार व्यहोरेको मोरक्कोसामु यसपटक बदला लिने अवसर पनि छ ।

फ्रान्स समूह चरणदेखि नै प्रभावशाली देखिएको छ । आक्रामक खेल, बलियो अग्रपङ्क्ति र अनुभवले भरिएको टोलीले स्विडेन र पाराग्वेलाई पराजित गर्दै अन्तिम आठको यात्रा तय गरेको हो । केलियन एम्बापे उत्कृष्ट लयमा छन् । सात गोल गरि सकेका उनी गोल्डेन बुटको प्रमुख दाबेदारमध्ये एक हुन् । ओसमान डेम्बेले, माइकल ओलिस र ब्राडली बार्कोलाको साथले फ्रान्सको आक्रमणलाई अझ धारिलो बनाएको छ ।

तर फ्रान्सका लागि यो खेल सहज हुने सम्भावना छैन । मोरक्को अब 'डार्क हर्स' मात्र होइन, स्थापित दाबेदारका रूपमा प्रस्तुत भएको छ । बलमा नियन्त्रण, तीव्र काउन्टर आक्रमण र अनुशासित रक्षापङ्क्तिका कारण उसले बलिया टोलीलाई समेत दबाबमा राख्दै आएको छ । नेदरल्यान्ड्स र क्यानाडालाई पराजित गर्दै क्वार्टर फाइनल पुगेको मोरक्कोमा असरफ हकिमी, ब्राहिम दियाज, यासिन बोनो र युसुफ एन-नेस्रीजस्ता विश्वस्तरीय खेलाडी छन् ।

यद्यपि दुवै टोली चोट समस्याबाट प्रभावित छन् । मोरक्कोका स्ट्राइकर इस्माइल साइबारी खेल्ने सम्भावना न्यून छ भने फ्रान्सले मिडफिल्डर अउरिलियन चोउमेनीको अनुपस्थिति बेहोर्न सक्छ । यस्ता अवस्थाले प्रशिक्षकहरूको रणनीतिक क्षमताको पनि परीक्षा लिनेछ ।

इतिहास फ्रान्सको पक्षमा देखिन्छ । पाँच भेटमा फ्रान्सले तीन जित निकालेको छ भने दुई खेल बराबरीमा सकिएका छन् । तर वर्तमान प्रदर्शन हेर्दा विगतका तथ्यांक निर्णायक आधार बन्न सक्दैनन् । मोरक्कोले आत्मविश्वास, संगठित खेल र सामूहिक प्रदर्शनमार्फत आफूलाई विश्व फुटबलको नयाँ शक्तिका रूपमा स्थापित गरिरहेको छ । यसकारण यो खेल केवल सेमिफाइनल प्रवेशको प्रतिस्पर्धा मात्र होइन, परम्परागत शक्ति र उदाउँदो शक्तिबीचको परीक्षा पनि हो । फ्रान्स अनुभव र व्यक्तिगत प्रतिभामा बलियो देखिए पनि मोरक्कोको अनुशासन, सामूहिकता र उच्च मनोबलले खेललाई अन्तिम मिनेटसम्म रोमाञ्चक बनाउने अपेक्षा गरिएको छ ।

मनोरञ्जन

# 'लोकदोहोरी स्टार' को देशव्यापी अडिसन हुँदै

**दमक/** नेपाली लोक सङ्गीत क्षेत्रमा नयाँ पुस्ताका प्रतिभावान गायक-गायिकालाई राष्ट्रिय मञ्च प्रदान गर्ने उद्देश्य बोकेको रियालिटी शो 'लोक दोहोरी स्टार सिजन-२' को देशव्यापी अडिसन सुरू हुने भएको छ । एभेन्टोज स्टुडियोको आयोजना रहेको शो को सातै प्रदेशलाई समेट्ने गरी अडिसन सुरू हुन लागेको हो । आयोजकका अनुसार अडिसन असार २७ गते इटहरी, २९ गते चितवन, ३१ गते बुटवल, श्रावण १ गते नेपालगन्ज, श्रावण ४ गते पोखरा तथा श्रावण ८ र ९ गते काठमाडौँमा हुनेछ ।

शोका निर्णायकमा गायिका कोमल वली र गायक राजु परियार र चन्द्र शर्मा रहेका छन् । शो को दोस्रो संस्करणलाई अझ व्यवस्थित, भव्य र प्रतिस्पर्धात्मक बनाउन कुनै कसुर बाँकी नछोड्ने आयोजकले जनाएको छ ।




प्रतियोगितामा सहभागी हुन कम्तीमा १६ वर्ष उमेर पुगेका नेपाली नागरिकले आवेदन दिन सक्नेछन् । महिला तथा पुरूष दुवैका लागि प्रतियोगिता खुला रहनेछ । आयोजकले नेपाली लोक सङ्गीतप्रति रूचि र समर्पण भएका, परम्परागत लोकभाका तथा शैलीको राम्रो ज्ञान भएका, स्पष्ट उच्चारणसहित भावपूर्ण प्रस्तुति दिन सक्ने तथा प्रश्न-उत्तर शैलीमा तत्काल दोहोरी सिर्जना गरेर प्रस्तुत गर्न सक्ने प्रतिभालाई प्राथमिकता दिइने जनाएको छ ।

## दैनिक राशिफल

आज मिति २०८३ साल असार २६ गते शुक्रबार
10 July, 2026
तिथि: दशमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा उत्साह बढ्ने । साथीभाइबाट सहयोग मिल्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | स्वास्थ्यमा सुधार । पारिवारीक भेटघाट । |
| मिथुन | का कि कु घ ङ छ के को हा | परिश्रम अनुसार फल प्राप्ती । मनमा उत्साह बढ्ने । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारको अवसर । विदैशिक यात्रा होला । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | ब्यापार व्यवसायमा लाभ । धन सञ्जय नहुने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मनमा धेरै कुरा खेल्ने । विश्वास बढी गर्नाले धोका । |
| तुला | हि हु हे हो डा डि डु डे डो | स्वास्थ्य गडबड खानपिनमा बढी ध्यान दिनु होला। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | सामाजिक मान बढ्ने । कुरा काट्ने पनि सकृय । |
| धनु | य यो भा भी भ धा फा ढ भे | साथीभाइबाट सहयोग । आफन्तजनमा भने मनमुटाव । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीका बाटाहरु खुल्ने । नयाँ सरसामान खरिद । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | अध्ययनमा सफलता । परिश्रम भने बढी गर्नुपर्ला । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मान्यजनसँगको भेटघाट परिवारमा खुशीयाली । |

# ‘निर्माण क्षेत्रका समस्या समाधानमा सरकार सकारात्मक’

**दमक/** प्रधानमन्त्री बालेन्द्र शाहले निर्माण क्षेत्रका समस्या समाधान, लगानी वातावरण सुधार र पूर्वाधार विकासलाई प्रभावकारी बनाउन सरकार सकारात्मक रहेको बताएका छन् । विभिन्न क्षेत्रका सरोकारवालासँग निरन्तर संवाद गरिरहेका प्रधानमन्त्री शाहले बिहीबार नेपाल निर्माण व्यवसायी महासङ्घका पदाधिकारीसँग छलफल गर्दै निर्माण व्यवसायलाई व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताएका हुन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा प्रधानमन्त्री शाहले निर्माण क्षेत्र मुलुकको आर्थिक विकास, रोजगारी सिर्जना र भौतिक पूर्वाधार विस्तारको प्रमुख आधार भएकाले यस क्षेत्रमा देखिएका समस्या समाधानलाई सरकारले प्राथमिकतामा राख्ने बताए । उनले विकास निर्माणका आयोजना निर्धारित समयमै सम्पन्न गर्न सरकार, निर्माण व्यवसायी र सम्बन्धित निकायबीच समन्वय र उत्तरदायित्व आवश्यक रहेको उल्लेख गरे ।

छलफलका क्रममा नेपाल निर्माण व्यवसायी महासङ्घका पदाधिकारीहरूले निर्माण उद्योगले भोगिरहेका विभिन्न चुनौतीबारे प्रधानमन्त्रीलाई जानकारी गराएका थिए । उनीहरूले निर्माण सम्पन्न भएका आयोजनाको भुक्तानीमा ढिलाइ, ठेक्का व्यवस्थापन, म्याद थप, मूल्य समायोजन, बैंकिङ पहुँच, लगानीको अभाव तथा समयमा आयोजना कार्यान्वयनमा देखिएका समस्याले निर्माण क्षेत्र प्रभावित भएको बताएका थिए ।

व्यवसायीहरूले निर्माण उद्योगलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए । उनीहरूले नीतिगत सुधारसँगै कार्यान्वयन तहमा देखिएका समस्या समाधान गर्न सरकारको सक्रिय पहल आवश्यक रहेको धारणा राखे ।

छलफलमा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष निकोलश पाण्डे, वरिष्ठ उपाध्यक्ष मुकेश पन्त, महासचिव शिवहरि घिमिरे, बागमती प्रदेश उपाध्यक्ष बालकृष्ण थापा तथा पूर्वअध्यक्ष एवं सल्लाहकार जयराम लामिछाने सहभागी थिए । प्रधानमन्त्री कार्यालयका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, सूचना तथा सञ्चार प्रविधि सल्लाहकार विवेक मिश्र र प्रमुख स्वकीय सचिव सुवास शर्मा पनि उपस्थित थिए ।

प्रधानमन्त्री शाहले बुधबार निजी क्षेत्रका उद्योगी-व्यवसायीसँग पनि छलफल गरेका थिए । विभिन्न क्षेत्रका सरोकारवालासँग प्रत्यक्ष संवादमार्फत समस्या पहिचान गरी समाधानका उपाय खोज्ने सरकारको प्रयासअन्तर्गत निर्माण व्यवसायीसँगको छलफललाई निरन्तर परामर्श प्रक्रियाको अर्को कडीका रूपमा हेरिएको छ ।

***संविधान...*** लगायतका दलहरूले आफ्ना प्रतिनिधि फिर्ता बोलाउँदै कार्यदलबाट हात झिकेका थिए । कांग्रेसले भने सुरुदेखि नै प्रतिनिधि पठाएको थिएन ।

सभापति थापाले संविधान संशोधनको नाममा नागरिकका मौलिक अधिकार संकुचित गर्ने कुनै पनि प्रयास कांग्रेसलाई स्वीकार्य नहुने स्पष्ट पारे । उनले लोकतन्त्र, गणतन्त्र, संघीयता, संसदीय शासन प्रणाली, समानुपातिक समावेशी प्रतिनिधित्व, शक्तिको पृथकीकरण, स्वतन्त्र न्यायपालिका, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालगायत संविधानका आधारभूत सिद्धान्तहरु कांग्रेसका लागि अपरिवर्तनीय रहेको बताए ।

उनले संविधान संशोधन आवश्यक हुन सक्ने स्वीकार गरे पनि त्यसको उद्देश्य लोकतन्त्रलाई परिणाममुखी बनाउने, नागरिकका अधिकार विस्तार गर्ने, सुशासन सुदृढ गर्ने र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने हुनुपर्ने धारणा राखे । “संविधानका सारभूत विषयहरूलाई संकुचित नगरी आवश्यक सुधार गर्न कांग्रेस तयार छ, तर अधिकार खुम्च्याउने कुनै पनि संशोधन स्वीकार्य हुँदैन,” उनले भने ।

शासकीय स्वरूपका विषयमा पनि कांग्रेसले आ^नो धारणा स्पष्ट पारेको छ । सभापति थापाले नेपालका लागि संसदीय शासन प्रणाली नै उपयुक्त भएको निष्कर्ष पार्टीले निकालेको बताए । पहिलो संविधानसभामा आफूले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीको पक्षमा बहस गरेको स्मरण गर्दै उनले त्यसपछिका अनुभव र दशक लामो अभ्यासले नेपालका लागि प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीको प्रणाली उपयुक्त नरहेको निष्कर्षमा कांग्रेस पुगेको बताए ।

थापाले संविधानको समग्र अन्तर्वस्तुलाई एकैपटक संशोधनको बहसमा ल्याउँदा सत्तापक्षले चाहेका विषयमा मात्र बहस सीमित नरहने र संसद तथा सडकमा रहेका विभिन्न राजनीतिक शक्तिले आ^ना पुराना तथा उग्र माग पुनः उठाउने अवस्था सिर्जना हुन सक्ने बताए । त्यसले राजनीतिक ध्रुवीकरण बढाउने र शासन व्यवस्थामा अस्थिरता ल्याउने जोखिम रहेको उनको भनाइ थियो ।

उनले संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमिलाई बेवास्ता गर्न नहुनेमा पनि जोड दिए । सशस्त्र द्वन्द्व, संविधानसभा प्रक्रिया र हजारौँ नागरिकको बलिदानबाट प्राप्त उपलब्धिलाई सामान्य रूपमा लिन नमिल्ने उल्लेख गर्दै उनले हतारमा संविधान संशोधनको प्रक्रिया अघि बढाउनु उचित नहुने धारणा राखे ।

“नेपाल कुन राजनीतिक द्वन्द्वबाट गुज्रेर यहाँसम्म आइपुग्यो भन्ने बिर्सन मिल्दैन । १७-१८ हजार नागरिकको ज्यान गएको पीडा, उनीहरूसँग जोडिएका परिवार र संवेदनालाई बेवास्ता गरेर संशोधनको ढोका खोल्न खोज्नु चिन्ताजनक हुन्छ,” उनले भने ।

कार्यक्रम कांग्रेसले गठन गरेको संविधान संशोधन अध्ययन तथा सुझाव समितिको आयोजनामा भएको थियो । उपसभापति पुष्पा भुसालको नेतृत्वमा रहेको विज्ञ समितिले संविधान संशोधनका सम्भावित विषयमा अध्ययन र सुझाव संकलन गरिरहेको छ ।

सभापति थापाले संविधान संशोधन सहमति, स्पष्ट उद्देश्य र राष्ट्रिय आवश्यकताका आधारमा अघि बढ्नुपर्नेमा जोड दिँदै लोकतान्त्रिक व्यवस्था, संघीय गणतन्त्र र नागरिक अधिकारलाई कमजोर पार्ने कुनै पनि संशोधनमा कांग्रेस सहभागी नहुने स्पष्ट पारे । उनले संविधान संशोधनको बहस गम्भीर, जिम्मेवार र राष्ट्रिय सहमतिमा आधारित हुनुपर्ने उल्लेख गर्दै यस प्रक्रियाले मुलुकको राजनीतिक स्थिरतालाई कुनै पनि हालतमा खलबल्याउन नहुने बताए ।

***दुई महिनामा.....*** *चिल्ड्रेन पार्कका गैँडा र हात्ती तथा रामपुर स्थित विश्वविद्यालय अगाडिको नौ फिट अग्लो मकैको मूर्ति उनका प्रमुख कृति हुन् । हालै दिक्तेल रूपाकोट मझुवागढी गरपालिकामा आयोजित मूर्ति कार्यशालामा उनले साप्सु खोलाको ढुङ्गामा ‘अमिलीको पात’ शीर्षकको प्रकृतिपरक मूर्ति निर्माण सम्पन्न गरेकी छन् ।*

*सन् १९९९ मा ललितकला क्याम्पसमा अध्ययन सुरू गरेकी श्रेष्ठले फाइन आर्टमा स्नातक पूरा गरेपछि केही समय अध्यापन गरिन् । थप अध्ययनका लागि जर्मनी गएर करिब छ वर्ष बसेपछि स्वदेश फर्केर मूर्तिकारितालाई व्यवसायिक रूप दिएकी हुन् । उनका अनुसार यस पेशामा इमान्दार र जिम्मेवार भएर लागे रोजगारीका लागि भौँतारिनु पर्दैन ।*

*श्रेष्ठले २०१५ को राष्ट्रिय कला प्रदर्शनीमा समकालीन मूर्तिकला विधामा प्रथम पुरस्कार, ‘आर्ट फर नेचर’ अन्तरराष्ट्रिय कार्यशालामा सर्वोत्कृष्ट प्रकृति कलाकार सम्मान तथा २०१८ को आशाकुमारी गुरूङ ललितकला पुरस्कार प्राप्त गरिसकेकी छन् । हालै उनलाई ललितकला डायमन्ड वर्ष नारी २०८३ सम्मान प्रदान गरिएको छ । उनले आफ्नो स्टुडियोमार्फत थप दुई जनालाई रोजगारी दिएकी छन् ।*

***एमाले....*** उनले सर्वेक्षण विश्वका १४ देशमा रहेका तथा नेपालभित्रका हजारौँ पार्टी सदस्य र शुभेच्छुकको सहभागितामा गरिएको जानकारी दिए । सर्वेक्षणको प्रतिवेदन बिहीबार एमाले महासचिव शंकर पोखरेललाई बुझाइएको पनि उनले बताए ।

सर्वेक्षणमा प्राप्त सुझावअनुसार विशेष महाधिवेशनमार्फत पार्टीको पुनर्संरचना गर्नुपर्ने धारणा सबैभन्दा बढी आएको छ । त्यसपछि अर्ली महाधिवेशन र केन्द्रीय कमिटी मार्फत निकास खोज्ने विकल्प क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।

अभियान पक्षले सर्वेक्षणलाई पार्टीभित्रको जनमत बुझ्ने प्रयासका रूपमा प्रस्तुत गर्दै प्राप्त सुझावले एमालेको भावी संगठनात्मक दिशा र सुधारबारे बहसलाई थप बल पुऱ्याउने विश्वास व्यक्त गरेको छ ।

***भद्रपुर...*** आवश्यक रहेको उल्लेख गर्दै पूर्वाधार तथा व्यवस्थापनमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए।

मुख्यमन्त्री कार्कीले तालिम केन्द्रसम्म पुग्ने सडक निर्माणलगायत आवश्यक भौतिक पूर्वाधार विकासमा प्रदेश सरकार सहयोग गर्न तयार रहेको बताए। उनले प्रदेश तथा स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि र अन्य सरोकारवालालाई लक्षित गरी सञ्चालन हुने तालिमले सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक नारायणप्रसाद रिजालले प्रतिष्ठानको गतिविधिबारे जानकारी दिँदै तालिम भवन निर्माणका लागि २०८० साल जेठ २४ गते सम्झौता भएको बताए। उनका अनुसार भवन ४ करोड ४८ लाख रुपैयाँभन्दा बढी लागतमा सुविधा सम्पन्न रूपमा निर्माण गरिएको हो ।

उद्घाटन कार्यक्रममा प्रदेशका प्रमुख सचिव राजेन्द्र पौडेल, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, प्रदेशसभा सदस्य छविलाल चुडालगायतले नयाँ भवनले गुणस्तरीय र प्रभावकारी तालिम सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए।

## चीनमा विनाशकारी बाढी

# ३९ जनाको मृत्यु, नौ जना बेपत्ता

**एजेन्सी/** दक्षिणी चीनको गुआङ्सी क्षेत्रमा आएको विनाशकारी बाढीका कारण ज्यान गुमाउनेको सत्त्या बढेर ३९ जना पुगेको र नौ जना अझै बेपत्ता रहेको चीनको सरकारी मिडियाले जनाएको छ ।

चरम मौसम प्रकोपले यस हप्ता दक्षिणी र मध्य चीनमा विनाश गरेको छ भने गुआङ्सीमा भारी वर्षाका गम्भीर बाढी आएको जनाइएको छ । पछिल्लो समयमा बावी नाम दिएको आँधी पूर्वी प्रान्ततिर गइरहेको जनाइएको छ । चीनको समाचार एजेन्सी सिन्ह्वाले रिपोर्ट गरे अनुसार २६ जनाको मृत्यु लिउलन जलाशयमा बाँध भाँचिएर आएको बाढीका कारण भएको थियो भने सात जना अझै बेपत्ता छन् । एउटा उद्धार टोलीले अर्कातिर फसेका मानिसहरूलाई खाना र आपूर्ति बोकेको ठुलो ड्रोनहरु पठाउँदा जलाशयको पानी अझै पनि बाढीको रूपमा बगिरहेको जनाइएको छ ।

***रेलमार्ग.......*** शुल्कका नाममा भइरहेको अवैध असुलीलाई कानुनविपरीत भएको बताइन् । स्थानीय सरकार सञ्चालन ऐनले अधिकार नदिएको अवस्थामा ढाट राखेर शुल्क उठाउने कार्य तत्काल रोक्नुपर्ने माग गर्दै उनले यसलाई ‘लुटतन्त्र’को संज्ञा दिइन् ।

सांसद नरेन्द्रकुमार गुप्ताले वीरगञ्जमा सडक विस्तारका क्रममा उचित क्षतिपूर्ति र पुनःस्थापनाविना स्थानीय नागरिक विस्थापित भइरहेको भन्दै विकास आयोजनाले नागरिकको अधिकारमाथि अन्याय गर्न नहुने धारणा राखे । यस्तै, झापाको बाहुण्डाँगी क्षेत्रमा दशकौँदेखि दोहोरिँदै आएको जंगली हात्ती आतंक, सीमा व्यवस्थापन, किसानको क्षति तथा दीर्घकालीन समाधानको आवश्यकता पनि सांसदहरूले उठाए ।

शून्य समयमा सहभागी अन्य सांसदहरूले पनि आ-आ^ना क्षेत्रका समस्या संसदमार्फत सरकारसमक्ष राखे । सांसद अनुष्का श्रेष्ठले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने साना तथा मझौला उद्योगलाई नीतिगत सहजीकरण, तालिम र सरकारी प्रोत्साहन आवश्यक रहेको बताइन् । सांसद अभिषेकप्रताप शाहले कृष्णनगर भन्सार कार्यालयको स्तरोन्नति गर्न माग गरे ।

सांसद अम्बिकादेवी संग्रौलाले स्वास्थ्यलाई संविधानले मौलिक हकका रूपमा सुनिश्चित गरे

पनि सेवाको गुणस्तर सुनिश्चित गर्न स्वास्थ्य संस्थाको नियमित अनुगमन आवश्यक रहेको बताइन् । सांसद अर्जुननरसिंह केसीले राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गरे भने सांसद आकृति अवस्थीले सार्वजनिक स्थलमा धुम्रपान निषेधसम्बन्धी कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरिन् ।

कृषि क्षेत्रका समस्यालाई उठाउँदै सांसद आनन्दबहादुर चन्दले वैज्ञानिक कृषि ज्ञानको अभाव र रासायनिक मलको असन्तुलित प्रयोगले उत्पादन घटिरहेको भन्दै माटो परीक्षण तथा किसानलाई तालिम दिनुपर्ने बताए । सांसद करिष्मा कठरियाले धान रोपाइँको समयमा किसानलाई सहज रूपमा रासायनिक मल उपलब्ध गराउन सरकारसँग माग गरिन् ।

सांसद कविन्द्र बुर्लाकोटीले गोरखाका विभिन्न गाउँमा धारा भए पनि पानी नआउने समस्या समाधान गर्न आग्रह गरे । सांसद कुलभक्त शाक्यले मेलम्ची खानेपानी आयोजना बन्द भएपछि काठमाडौं उपत्यकामा खानेपानी संकट चुलिएको भन्दै वैकल्पिक व्यवस्था गर्न सरकारसँग माग गरे । सांसद कामिनी कुमारीले जलेश्वर अस्पतालको स्तरोन्नति आवश्यक रहेको बताइन् भने सांसद ओजस्वी शेरचनले स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न स्पष्ट नीति आवश्यक रहेको धारणा राखिन् ।

पूर्वाधार र यातायातका विषय पनि शून्य समयमा प्रमुख रूपमा उठे । सांसद आरेन राईले खोटाङ-भोजपुर सडक पुनर्निर्माण गर्न माग गरे भने सांसद आशिष गजुरेलले भौतिक पूर्वाधारमा विनियोजित बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताए । सांसद आशिका तामाङले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङ शुल्क घटाउन आग्रह गरिन् । सांसद उत्तमप्रसाद पौडेलले सार्वजनिक यातायातलाई अपाङ्गतामैत्री बनाउनुपर्ने आवश्यकता औँल्याए भने सांसद एशुदाकुमारी बरालले कर्णालीका सडक यात्रालाई सुरक्षित बनाउन सरकारको ध्यानाकर्षण गराइन् ।

वैदेशिक रोजगारी, विपद् व्यवस्थापन र विद्युत् विस्तारका विषय पनि संसदमा उठे । सांसद कमल सुवेदीले वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रण गर्न प्रभावकारी नियमन आवश्यक रहेको बताए । सांसद खडकबहादुर बुढाले कर्णाली प्रदेशमा विद्युत् पहुँच विस्तार गर्न आग्रह गरे । सांसद गजाला शमीम मिकरानीले वर्षायाम सक्रिय भइसकेकाले विपद् व्यवस्थापनको पूर्वतयारीमा सरकार गम्भीर हुनुपर्ने सुझाव दिइन् ।

यसैगरी सांसद कुसुम महर्जनले सिंहदरबारभित्र रहेका राष्ट्रिय सम्पत्तिको सुरक्षामा सरकार संवेदनशील हुनुपर्ने बताइन् भने सांसद खगेन्द्र कर्णले जंगली हात्तीको आक्रमणबाट हुने जनधनको क्षति रोक्न प्रभावकारी योजना ल्याउन माग गरे । सांसद आशा झाले साना संस्थालाई पूर्ण लेखापरीक्षण अनिवार्य गर्ने विद्यमान व्यवस्थामा पुनर्विचार गर्नुपर्ने धारणा राखिन् ।

बिहीबारको शून्य समयमा सांसदहरूले उठाएका अधिकांश विषय नागरिकको दैनिक जीवन, सार्वजनिक सेवा, पूर्वाधार, कृषि, ऊर्जा, स्वास्थ्य र स्थानीय विकाससँग प्रत्यक्ष जोडिएका थिए । यसले संसद केवल राजनीतिक विवादको थलो मात्र नभई जनताका आधारभूत समस्या सरकारसमक्ष पुऱ्याउने प्रभावकारी मञ्चका रूपमा पनि प्रयोग भइरहेको सन्देश दिएको छ । अब सांसदहरूले उठाएका यी सवालमा सरकारले कस्तो प्रतिक्रिया र कार्यान्वयन गर्छ भन्ने विषयले जनप्रतिनिधिको आवाज र सरकारको जवाफदेहिताको वास्तविक परीक्षण गर्नेछ ।

# कोशीमा एक सय खेलाडी सम्मानित

**मोरङ/** कोशी प्रदेश खेलकुद विकास बोर्डले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने प्रदेशका १०० भन्दा बढी खेलाडीलाई सम्मान गरेको छ ।


आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने प्रदेशका खेलाडीहरूलाई सम्मान तथा प्रोत्साहन कार्यक्रमअन्तर्गत पदक विजेता प्रदेशका खेलाडी, अग्रज खेलकर्मी र खेलकुद पत्रकारलाई नगदसहित सम्मान गरिएको हो । कार्यक्रममा बोर्डले श्रीलंकामा सम्पन्न एसबिआई प्रथम पहिलो दृष्टिविहीन महिला क्रिकेटमा दोस्रो स्थान हासिल गर्ने प्रदेशका खेलाडीद्वय प्रतिभा राई र सुनिता भुजेललाई रू एक/एक लाखसहित सम्मान गरेको छ ।

यसैगरी संयुक्त अरब इमरेट्स ९युएई० को दुबईमा सम्पन्न एसियाली युथ पारा गेम्सअन्तर्गत टेबलटेनिस यु-२३ एकलतर्फ रजत पदक प्राप्त गर्न सफल स्वीकृत न्यौपानेलाई रू ५० हजारसहित सम्मान गरिएको छ ।

बोर्डका अध्यक्ष तथा सामाजिक विकासमन्त्री रामप्रसाद मेहता, उपाध्यक्ष वसन्तराज अर्याल, सदस्यसचिव विप्लव घोषलगायतले सम्मानपत्रद्वारा सम्मान गरेका हुन् । सो अवसरमा मन्त्री मेहताले अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको नाम चिनाउने खेलाडीलाई सम्मान गर्दा गर्व लागेको बताए । सरकार खेलाडीको वृत्तिविकास, खेल पूर्वाधारको स्तरोन्नति र प्रतियोगिता नियमित आयोजनाका लागि नीतिगत र बजेटको व्यवस्था गरिने उनले बताए ।

यस्तै विभिन्न विधाको प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी, व्यवस्थापक र प्रशिक्षकलाई नगदसहित सम्मान गरिएको छ । कार्यक्रममा पाँच खेलकुद पत्रकारलाई समेत सम्मान गरिएको थियो ।

# इलामका विद्यालयमा मातृभाषा




**चुलाचुली/** लिम्बू भाषा सरकारी कामकाजको भाषा लागु गरेको माङसेबुङ गाउँपालिकाले यस वर्षदेखि तीन वटा आधारभूत विद्यालयमा लिम्बू भाषा शिक्षक र तीन वटा विद्यालयमा वान्तवा भाषा शिक्षकको दरबन्दी व्यवस्था गरेको छ । मातृभाषा शिक्षाका लागि सम्बन्धित जातीय बाहुल्यता रहेको विद्यायमा माङसेबुङ गाउँपालिकाले आन्तरिक स्रोतबाट तलबभत्ता खुवाउने गरी लिम्बू र वान्तवा मातृभाषा शिक्षकको दरबन्दी सृजना गरी मातृभाषा शिक्षाकको व्यवस्था गरिएको शिक्षा शाखा प्रमुख खतिवडाले जानकारी दिए । लिम्बू जातिको बाहुल्यता रहेको माङसेबुङ-१ स्थित गजुरमुखी र मण्डिका आधारभूत विद्यालय एवम् माङसेबुङ-३ स्थित दुर्गा माध्यमिक विद्यालयमा लिम्बू भाषा शिक्षकको व्यवस्था गरेको छ ।

त्यस्तै राई जातिको बाहुल्यता रहेको माङसेबुङ-२ स्थित सरस्वती र माङसेबुङ-४ को जनता र माङसेबुङ-६ स्थित सिंहेश्वरी आधारभूत विद्यालयमा वान्तवा भाषा शिक्षकको व्यवस्था गरेको छ ।

माङसेबुङले यसअघि नै आभारभूत तह (कक्षा १-५) सम्म लिम्बू भाषा पाठ्यक्रम निर्माण गरी चार वटा विद्यालयमा पठनपाठन गर्दै आएको छ । माङसेबुले लिम्बू जातिको बाहुल्यता रहेको माङसेबुङ-३ स्थित पवित्रा आधारभूत विद्यालय एवं माङसेबुङ-५ को साम्जिक मुन्धुम आधारभूत विद्यालय, सरस्वती माध्यमिक विद्यालय र साम्जिक मुन्धुम पाठशालामा लिम्बू भाषा पठनपाठन गर्दै आएको थियो ।

त्यस्तै यसअघि माङसेबुङ-६ स्थित चिसोपानी माध्यमिक विद्यालयमा वान्तवा भाषा पठनपाठन हुँदै आएको थियो । माङसेबुङमा सामुदायिकतर्फ माध्यमिक विद्यालय (कक्षा १-१२) तीनवटा, माध्यमिक विद्यालय ( कक्षा १-१०) सात वटा, आधारभूत विद्यालय (कक्षा १-८) १६ वटा र आधारभूत विद्यालय (कक्षा १-५) चार वटा विद्यालय छन् । संस्थागततर्फ माध्यमिक विद्यालय कक्षा (कक्षा १-१०) दुई र आधारभूत विद्यालय (कक्षा-८) का दुई वटा विद्यालय छन् ।

# माङसेबुङमा आधा दर्जन विद्यालयको नयाँ भवन



**दमक/** इलामको माङसेबुङ गाउँपालिकामा आर्थिक वर्ष २०८२/८३ मा छ विद्यालयको नयाँ भवन निर्माण सम्पन्न भएका छन् । संघीय सरकारको एक करोड २० लाखको लागतमा छ विद्यालयको पक्की भवन निर्माण सम्पन्न भएको शिक्षा शाखा प्रमुख बुद्धिप्रसाद खतिवडाले जानकारी दिए । उनकाअनुसार प्रत्येक विद्यालय भवन २० लाखको लागतमा तीन कोठे एकतले पक्की भवन निर्माण भएका हुन् । यस वर्ष माङसेबुङ-१ स्थित वरभन्ज्याङ आधारभूत विद्यालय र मण्डिका आधारभूत विद्यालय, माङसेबुङ-२ स्थित इभाङ आधारभूत विद्यालय, माङसेबुङ-३ स्थित जनकल्याण आधारभूत विद्यलाय, माङसेबुङ-४ स्थित सरस्वती आधारभूत विद्यालय र माङसेबुङ-६ स्थित चन्द्रेश्वरी आधारभूत विद्यालयमा नयाँ भवन निर्माण भएका हुन् ।

***विपक्षी....*** सरकारको स्पष्ट धारणा सार्वजनिक गर्न माग गरे । विपक्षी दलहरूले सीमा विवादको विषयलाई राष्ट्रिय हितसँग जोडिएको भन्दै सरकारको औपचारिक जवाफ नआएसम्म विरोध जारी रहने संकेत दिएका छन् ।

यद्यपि, संसदको निरन्तर अवरोधका कारण विधेयक, जनजीविकासम्बन्धी बहस, आर्थिक सुधार, विकास आयोजना तथा नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा छलफल प्रभावित हुँदै आएको छ । पुरानै विषयलाई लिएर संसद अवरूद्ध हुँदा संसदीय कार्यसूची प्रभावित हुने र जनअपेक्षासँग जोडिएका मुद्दा पुनः ओझेलमा पर्ने अवस्था दोहोरिएको छ ।

***साइनो...*** हालसम्म आवद्ध रहेका शेयर धनी तथा वचतकर्ताले सात दिनभित्र वचतकर्ताहरूले प्रयोग गरेको पास बुक, नागरिकताको फोटोकपि छायाकपी, एफडी कार्ड लगायतका कागजातहरू लिई जिल्ला प्रहरी कार्यालय झापामा सम्पर्क राख्न अनुरोध गरेका छन् ।

प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, प्रबन्धकः सुवासचन्द्र भट्टराई, मुद्रणः ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादकः खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउटः सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल